केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/५/०७५/७६ मिति: २०७५/१०/१६

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

**सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ कार्यान्वयन सम्बन्धमा नेपाल राष्ट्र बैंकको**

## सूचना

नेपाल सरकारबाट आर्थिक वर्ष २०७५/७६ को बजेटमा व्यवस्था भएअनुसार शिक्षित युवा स्वरोजगार, विदेशबाट फर्केका युवा परियोजना, महिला उद्यमशील, दलित समुदाय व्यवसाय विकास, उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा, भूकम्प पिडितहरुको निजी आवास निर्माण एवम् व्यवसायिक कृषि तथा पशुपन्छी जस्ता कर्जाहरुमा तोकिएको व्याज अनुदान प्रदान गर्ने उद्देश्यले "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" स्वीकृत भई सो को कार्यान्वयनका लागि यस बैंकबाट मिति २०७५/०६/११ मा बैंक तथा वित्तीय संस्थाहरुलाई परिपत्र जारी गरिएको व्यहोरा विदितै छ । उपरोक्त कार्यविधि बमोजिमका कर्जा प्राप्त गर्ने सिलसिलामा नजिकका बैंक वित्तीय संस्थामा सम्पर्क राख्दा बैंक वित्तीय संस्थाहरु उदासिन भएको भनी जनसाधारणबाट बारम्बार गुनासो प्राप्त भईरहेको हुंदा उक्त कार्यविधि बमोजिम आन्तरिक कार्यविधि यथाशीघ्र तयार गरी देशभरका आफ्ना सम्पूर्ण शाखाहरुबाट उक्त कार्यविधिमा उल्लिखित कर्जाहरु योग्य र ईच्छुक सर्वसाधारणले अनुकूल शीर्षकमा लिन सक्ने व्यवस्था गर्न यो सूचना जारी गरिएको छ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।

२. इलाम उद्योग बाणिज्य संघ, इलाम चोकबजार :- प.सं.०७५/७६, च.नं.५१ को पत्रको सन्दर्भमा ।